


वर्ष १ ● अंक १२ ● ने.सं. ११४० सिल्लाथ्व नवमि ● वि.सं. २०७६ माघ २० गते, सोमबार ● 2020 February 3 Monday ● पृष्ठ ८

# दोश्रो ज्ञानमाला भजन प्रस्तुती सम्पन्न

कीर्तिपुर नगरपालिका वडा नं. ७ भाजंगलमा दोश्रो ज्ञानमाला भजन प्रस्तुती कार्यक्रम सम्पन्न भएको छ। नेपाल राष्ट्रिय ज्ञानमाला समिति अन्तर्गत कीर्तिपुर चन्द्रागिरि क्षेत्रीय उपसमितिको आयोजनामा भाजंगल भजन खलः भाजंगलको व्यवस्थापनमा माघ १८ गते शनिवार भव्य रुपमा सम्पन्न भएको हो।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको सो कार्यक्रममा विशेष अतिथिको रुपमा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्का, चन्द्रागिरि नगरपालिकाका मेयर घनश्याम गिरी, अतिथिको रुपमा राष्ट्रिय ज्ञानमाला समितिका अध्यक्ष रमना श्रेष्ठ उपस्थित हुनुभएको थियो भने निर्णायक मण्डलमा वरिष्ठ गायक जुजुकाजी रञ्जीत, बरिष्ठ संगीतकर्मी अमरराज राजोपाध्याय र काभ्रे क्षेत्रीय उपसमितिका सं. लक्ष्मीदेवी मानन्धर हुनुहुन्थ्यो।



विभिन्न अतिथि भजनखलःबाट ज्ञानमाला प्रस्तुत गरी सञ्चालन भएको कार्यक्रममा भिक्षु तिस्स स्थवीरले बुद्धपुजा र पंचशील प्रदान गर्नुभएको थियो। प्रमुख अतिथि मेयर महर्जनले प्रत्येक जसो घरमा भैरहने सासु बुहारीको कुरा जसमा सासुले आफ्नो बुहारी नहुने देख्ने तर त्यस्तै व्यवहार गर्ने विवाह गरी गएकी आफ्नी छोरी हुने देख्ने प्रबृति औंल्याउनुभयो। यस्तो प्रवृत्ति अन्त्य गर्न यस्ता कार्यक्रमले सघाउनु पर्ने पनि बताउनु भयो। ज्ञानमालाकै सन्दर्भमा मेयर महर्जनले व्याधा र सुगा सम्बन्धी बौद्ध कथा मार्फत समाजमा भैरहेको अबुझपनको पनि उजागर गर्नुभयो।

चन्द्रागिरि नगरपालिकाका मेयर गिरीले पनि आफ्नो मन्तब्य व्यक्त गर्नुभएको कार्यक्रममा दोश्रो ज्ञानमाला भजन प्रस्तुती २०७६ मा प्रस्तुत भजन सङ्ग्रह प्रमुख अतिथि, विशेष अथिति र अन्य अतिथिहरुले संयुक्त रुपमा विमोचन गर्नुभएको थियो। कार्यक्रममा अमरलाल माली, नरसिंराम महर्जन, ज्ञानेश्वर निभाःलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो।

विभिन्न १४ वटा ज्ञानमाला भजन खलःले भाग लिएको उक्त कार्यक्रममा उत्कृष्ट समूह गायनमा भास्तिपुर ज्ञानमाला भजन खलः, बलम्बु, उत्कृष्ट रचना र भावार्थमा अनमोल ज्ञानमाला भजन खलः, यरवःचा र उत्कृष्ट संगीतमा नगां ज्ञानमाला भजन खलः, नगां भएको थियो।


## कीर्तिपुर नगरपालिका र त्यससँग सम्बन्धित कुनै पनि विषयमा तपाईंको जिज्ञासा छ ?

आउनुहोस् कीर्तिपुर नगरपालिकाद्वारा आयोजित

## सार्वजनिक सुनुवाई



कार्यक्रममा सहभागी भई नगरपालिका र विषयगत शाखा/उप-शाखा/इकाईहरूबाट प्रदान गरिँदै आएका सेवा प्रवाह लगायतका विषयमा आफूलाई लागेका जुनसुकै जिज्ञासा राख्नको लागि उपस्थित हुन हार्दिक अनुरोध गर्दछौं। साथै आफ्ना छरछिमेकी लगायत सम्पूर्ण जनसमुदायमा उपस्थितिका लागि जानकारी दिनुहुन पनि हार्दिक अनुरोध गर्दछौं।

● मिति : २०७६ माघ २३ गते, बिहीबार ● स्थान : कृष्ण क्याटरिङ्ग, अमल्सि (नयाँबजार) ● समय : दिउँसो ३:०० बजेदेखि।

नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन
२
ने.सं. ११४० सिल्लाथ्व ९
वि.सं. २०७६ माघ २० सोमवार

## सम्पादकीय

# कीर्तिपुर नगरपालिकाको अर्को प्रशंसनीय कार्य

नेपालको संविधान २०७२ अनुसार स्थानीय सरकारको रूपमा रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरूको काम भनेको आफ्ना जनताहरूको काममा आवश्यक सहयोग गर्नु, विकास निर्माण गर्नु, सिफारिस प्रदान गर्नु, विभिन्न विषय र विधामा कर सङ्कलन गर्नु आदि मात्र देखिँदै आएको छ। यस्तो परिवेशका बीचमा कीर्तिपुर नगरपालिकाले ती बाहेक अन्य केही महत्त्वपूर्ण सामाजिक दायित्व पनि बेहोर्ने काम गर्दै आएको सर्वविदितै छ। यस्ता कार्यक्रमहरूमा जेष्ठ नागरिकहरुलाई उच्च रक्तचाप, मधुमेह, दम लगायतका रोगको औषधि निशुल्क वितरण, वडा कार्यलयको समन्वयमा देश दर्शन तथा तीर्थ यात्रा, न्यानो कपडा वितरण, स्वास्थ्य उपचार बिमा लगायतका कार्यक्रम नगरबासीबीच निकै लोकप्रिय रहेका छन्।

यसै सन्दर्भमा कीर्तिपुर नगरपालिकाले अर्को एउटा मौलिक, प्रशंसनीय तथा अनुकरणीयका साथ साथै कीर्तिपुरमा दुरगामी असर छाड्न सक्ने कार्यक्रम प्रारम्भ गरेको छ। आदरणीय पाठक वृन्द त्यो कार्यक्रम कीर्तिपुर नगरपालिकाले यसै वर्षदेखि प्रारम्भ गरेको विद्यार्थीहरुलाई सहुलियत व्याजदरमा प्रदान गरिने "**शैक्षिक कर्जा**" हो। यो कर्जाअन्तर्गत कीर्तिपुर नगरपालिकाका स्थायी बासिन्दाले प्राविधिक विषयमा उच्च शिक्षा हासिल गर्न आफ्नो शैक्षिक प्रमाण पत्र धितो राखेर आफू बसोबास गरिरहेको वडाको सिफारिसमा सहुलियत पूर्ण तीन प्रतिशत व्याजदरमा ५ लाख रुपैयाँ कर्जा लिन सक्नेछ। साधन र श्रोतले भ्याएसम्म जनताको पक्षमा अधिकतम काम गर्ने प्रतिबद्धतासहित नेतृत्वमा आएको नगरपालिकाको वर्तमान नेतृत्वको यो खासगरी गरीब तथा विपन्न कीर्तिपुरबासी विद्यार्थीहरूको प्राविधिक विषयमा उच्च शिक्षा प्राप्त गर्ने सपनालाई मूर्तरुप दिने एउटा प्रशंसनीय कार्य हो। यो कार्यक्रमको कीर्तिपुरबासीले मुक्त कण्ठले प्रशंसा गरेका छन्। कीर्तिपुर नगरपालिकाको यो कार्यक्रम नेपालका अन्य स्थानीय सरकारले समेत अनुकरण गर्नु पर्ने एउटा जमर्को हो।

कीर्तिपुर नगरपालिकाले विद्यार्थीलाई सहुलियत व्याजदरमा शैक्षिक कर्जा वितरणको थालनी गत माघ १४ गते कीर्तिपुरका दुईजना विद्यार्थीहरू रुजन महर्जन र सजिना महर्जनलाई इन्जिनियरिङ् विषयमा स्नातक तह अध्ययन गर्न प्रतिव्यक्ति पाँच लाख रुपैयाँको कर्जा सहुलियत प्रदान गरी नगरप्रमुख रमेश महर्जनले शुभारम्भ गर्नु भएको थियो। यो वर्ष २० र अर्को वर्षदेखि ५० जना विद्यार्थीलाई यो कार्यक्रममा सहभागी गराई कर्जा उपलब्ध गराउने नगरपालिकाको लक्ष्य रहेको छ। यस कार्यक्रमको भरपुर सदुपयोग गरी आ-आफ्नो शैक्षिक उन्नति गर्न र भविष्य सुन्दर बनाई कीर्तिपुरको समृद्धिमा थप टेवा पुऱ्याउन सम्पूर्ण कीर्तिपुरबासीमा नगर सन्देश परिवार हार्दिक अनुरोध गर्दछ।

# समृद्धिको यात्रामा कीर्तिपुरका चुनौति र सम्भावनाहरू : ५

**रत्न महर्जन**

६. धार्मिक, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरूको प्रचार प्रसार गरी तिनलाई नगर र जनताको आय आर्जनसँग जोड्न नसक्नु :

कीर्तिपुर नगरपालिका क्षेत्रभित्र धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरू यथेष्ट मात्रामा विद्यमान रहेका छन्। कीर्तिपुरको चोभारमा आदिनाथ मन्दिर, चोभार गल्छी, मञ्जुश्री गुफा, जलबिनायक मन्दिर, पाङ्गामा विष्णुदेवी मन्दिर, बालकुमारी मन्दिर, भाजङ्गलमा संसारकै पृथक विशेषताको चिहान (यो चिहानमा लास जलाउन मलामीले कुरेर बस्नु पर्दैन, सम्भवत यस्तो मसान/चिहान संसारमा अन्त कतै छैन) र विष्णुदेवी मन्दिर, नगाउँमा बालकुमारीस्थान, कीर्तिपुरमा बाघभैरब, चिलञ्चो, उमामहेश्वर, इन्द्रायणी मन्दिर लगायत थुप्रै बहाल र चिभा, गाम्चामा विष्णुदेवी मन्दिर र पुरानो स्तुपा, चम्पादेवीमा बाघभैरब स्थान चम्पादेवी मन्दिर, टौदहमा ऐतिहासिक टौदह, जाल्पादेवी, चारघरेमा जालन्धर पीठ आदि यस्ता सम्पदाहरू छन् तर यस्ता धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको यथोचित संरक्षण र सम्बर्द्धनको अभाव मात्र हैन तिनको आवश्यक प्रचार प्रसार गरी अर्थोपार्जसँग समेत जोड्न कीर्तिपुरले सकेको छैन। समृद्धिको यात्रामा कीर्तिपुरलाई सफल बनाउन ती सम्पदालाई पनि साधनका रूपमा उपयोग गर्नु जरुरी रहेको छ।

७. उद्यमशीलताको विकासमा पछाडि पर्नु :

कीर्तिपुर नगरपालिका भित्र बसोबास गर्ने जनसमुदायमा उद्यमशीलताको अभाव देखिन्छ। यहाँका आदिबासीहरू (नेपाल सरकारले आदिबासी जनजातिमा सूचिकृत गरेको जाति मात्र भन्न खोजिएको हैन, यहाँ पुस्तौं अघि देखि बसोबास गर्ने सबै जनसमुदाय भन्ने अर्थमा यो शब्द प्रयोग गरिएको हो।) आफ्नो पैतृक सम्पत्ति बेच्दै छन् तर त्यसको उपयोग अपवादमा बाहेक कसैले पनि कुनै उद्योग, व्यापार व्यवसायमा हैन आधुनिक सुख सुविधा जोड्न, सामाजिक व्यवहार चलाउन र घर निर्माण गर्ने जस्ता अनुत्पादक क्षेत्रमा खर्च गरिरहेका छन्। यो प्रवृत्ति पनि कीर्तिपुरको समग्र समृद्धिमा बाधक प्रवृत्ति बनेको छ।

८. मानव संसाधनको विकासमा ध्यान नपुग्नु र भएकाको समुचित उपयोग हुन नसक्नु :

कीर्तिपुरमा यथेष्ट मात्रामा देश र समाजका लागि आवश्यक दक्ष जनशक्ति (Skilled Human Resources) को उपस्थिति रहेको छ। यहाँ ठूलो सङ्ख्यामा प्राध्यापक, शिक्षाविद्, डाक्टर, इन्जिनियर, योजनाविद्, उच्च तहका प्रशासक बसोबास गर्छन्, तर कीर्तिपुरको उन्नति र प्रगतिका खातीर तिनको योजनाबद्ध, संगठित र संस्थागत उपयोग हुन सकेको छैन। कतिपय स्थानमा औँलामा गन्न सकिने आफ्ना त्यस्ता दक्ष जनशक्तिको पहिचान गरी तिनको भरपुर परिचालन गरी आफ्नो ठाउँको भौतिक उन्नति र सो स्थानका जनताको सर्वोतोमुखी उन्नति सम्भव भएको छ त्यस्तो काम कीर्तिपुरको नेतृत्वले गर्न नसक्नु पनि कीर्तिपुर र कीर्तिपुरेको समृद्धिको बाधक हो। आशा छ यहाँको समाज र कीर्तिपुर नगर पालिकाले अब छिट्टै यस्तो महत्त्वपूर्ण विषयमा ध्यान पुऱ्याउने छ जसले यहाँको समृद्धिको यात्रा तीब्र गतिमा अगाडि बढ्नेछ।

९. केन्द्रीय प्रशासन संयन्त्र (Beaurocracy) मा नेतृत्वदायी भूमिकामा नगन्य मात्र पुग्नु :

मेरो अनुभवमा कुनै पनि स्थानको विकासमा त्यहाँबाट केन्द्रीय कर्मचारीतन्त्रमा माथि पुगेका व्यक्तिहरूको ज्यादै ठूलो भूमिका रहेको हुन्छ। तर कीर्तिपुरका बासिन्दा त्यसरी केन्द्रीय प्रशासन संयन्त्रमा माथिल्लो तहमा नगन्य मात्र पुगेका छन्। जति पुगे तिनको पनि ध्यान समग्र कीर्तिपुरको विकास र समृद्धिमा पुगेको देखिएन यो पनि कीर्तिपुरको समृद्धिमा एउटा बाधाका रूपमा रहेको देखिन्छ।

> **मेरो धारणा**
>
> **कुनै पनि स्थानको विकासमा त्यहाँबाट केन्द्रीय कर्मचारीतन्त्रमा माथि पुगेका व्यक्तिहरूको ज्यादै ठूलो भूमिका रहेको हुन्छ। तर कीर्तिपुरका बासिन्दा त्यसरी केन्द्रीय प्रशासन संयन्त्रमा माथिल्लो तहमा नगन्य मात्र पुगेका छन्। जति पुगे तिनको पनि ध्यान समग्र कीर्तिपुरको विकास र समृद्धिमा पुगेको देखिएन यो पनि कीर्तिपुरको समृद्धिमा एउटा बाधाका रूपमा रहेको देखिन्छ।**

१०. कृषि, उद्योग, व्यापार लगायतका क्षेत्रमा जीवन-निर्वाहमुखी प्रवृत्ति कायम रहनु :

परम्परागत कृषि, उद्योग, व्यापार भनेको मूलत जीवन निर्वाहमुखी हुने गर्दछ। यसले व्यक्ति, परिवार वा समाज कसैको पनि आर्थिक समृद्धिमा निर्णायक भूमिका खेल्न सक्दैन। अहिलेसम्म कीर्तिपुरबासीले कृषि, उद्योग वा व्यापारलाई आधुनिकीकरण वा व्यावसायीकरण गर्न सकेनन् जसले यहाँका जनताले अपेक्षाकृत समृद्धि हासिल गर्न सकेको देखिएन। त्यसैले अब यहाँको जीवननिर्वाहमुखी अर्थ प्रणालीलाई रुपान्तरण गर्ने काम गर्नु जरुरी छ।

११. कृषिमा आधुनिकीकरण र व्यावसायीकरण /औद्योगिकीकरण हुन नसक्नु :

कीर्तिपुर नगरपालिकाभित्र यहाँ सिमित रुपमा भए पनि बाँकी रहेको कृषि योग्य भूमिलाई परम्परागत खेतिपाति भन्दा यसलाई व्यावसायिक कृषि प्रणालीमा लैजाने र कृषि उद्योग सञ्चालन गर्ने तर्फ ध्यान दिनु जरुरी छ जसले यहाँको समृद्धिको यात्रामा थप टेवा पुग्ने छ। कृषि क्षेत्रलाई समृद्धिसँग जोड्नका लागि यहाँका सहकारीहरूलाई कृषि सहकारी बन्न प्रेरित गर्ने कार्यक्रम ल्याउने तथा ठूला औद्योगिक प्रतिष्ठानहरूलाई यहाँको कृषिमा लगानी गर्न सहयोग पुऱ्याउने नीति लिनु जरुरी छ।

***क्रमश ...***

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# २०७७ बैशाख १६ देखि २० सम्म
# कीर्तिपुर महोत्सव

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रुपमा घोषणा गरे लगत्तै देशमा त्यसप्रति लक्षित विभिन्न कार्यक्रमहरू भैरहेका छन् । यसै सन्दर्भमा कीर्तिपुर नगरपालिकाले पनि पर्यटकहरूलाई आकर्षित गर्न कीर्तिपुर महोत्सव कार्यक्रम गर्न लागेको छ । २०७७ बैशाख १६ देखि २० गते सम्म हुने कीर्तिपुर महोत्सवको लागि आवश्यक सरसल्लाह तथा सुझाव सङ्कलनका लागि नगरपालिकाले एक कार्यक्रमको आयोजना गरेको थियो ।

माघ १४ गते मंगलवार अमल्सि स्थित कृष्ण क्याटरिङ्गमा कीर्तिपुर नगरपालिकाका भाषा, सम्पदा, संस्कृति, ललितकला एवं पर्यटन समितिका संयोजक तथा कीर्तिपुर नगरपालिका वडा नं. २ का अध्यक्ष रमेशमान डंगोलको सभापतित्वमा भएको कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का तथा वडाअध्यक्षहरू हर्ष महर्जन, राजेन्द्र महर्जन, विनोद महर्जन, राजेन्द्र महर्जन, राजकुमार माली, गंगाराम महर्जन र अमन महर्जन तथा वडासदस्यहरूका साथै पर्यटनसँग सम्बन्धित व्यक्तिहरु, सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले कीर्तिपुर महोत्वस गर्न लागेको खबरले कीर्तिपुरबासी अत्यन्त हर्षित भएको उल्लेख गर्दै महोत्सव पहिले पहिले गरेको जस्तै वियर र रक्सीमय नगरिकन मदिरा निषेधित महोत्सव हुनुपर्ने, कीर्तिपुरमा भर्खरै सञ्चालनमा आएको कीर्तिपुर कभर्ड हललाई समेत ध्यानमा राखी महोत्सवमा खेलकुद्लाई पनि अँगाल्न, महोत्सव भनेकै पर्यटकहरूलाई आकर्षित गराउनु पर्ने भएकोले सबभन्दा पहिले यहाँका फोहर व्यवस्थापन गरी कीर्तिपुर नगरलाई सफा सुग्घर बनाउनु पर्ने, मौसमलाई पनि ध्यान दिनुपर्ने, कीर्तिपुर महोत्सव खाली कीर्तिपुर डाँडामा मात्र सिमित नगरी नगर क्षेत्रभरी नगाउँ, पाँगा, चम्पादेवी, चोभार र टौदहमा समेत केही न केही गर्नुपर्ने, महोत्सव सफल पार्न र पर्यटकहरूलाई आकर्षित पार्न यहाँ भएका सम्पदाहरू, पहिचानहरूलाई धेरै भन्दा धेरै माध्यमबाट प्रचार प्रसार गर्नु पर्ने जस्ता महत्त्वपूर्ण सुझावहरू दिएका थिए ।

प्राप्त सुझावहरूको बारेमा बोल्नु हुँदै मेयर महर्जनले सुझावहरू निकै नै महत्त्वपूर्ण रहेको बताउनु भयो । नेपाल




सरकारको लक्ष्य २० लाख पर्यटक भित्र्याउने रहेको मध्ये कीर्तिपुर नगरले मात्र त्यसको ५ प्रतिशत अर्थात १ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको बताउनु भयो ।

महोत्वसमा मदिरा निषेधित गर्नुपर्ने भन्ने सुझाव आएको प्रति मेयर महर्जनले निषेधित गर्नु भन्दा पनि व्यवस्थित गर्नु पर्ने बताउनु भयो । अझ नेवाः वस्तिमा नेवाःहरूले उत्पादन गर्ने मौलिक रक्सि "अयूलाः" सरकारले प्रतिबन्ध गरेको प्रति आफ्नो असहमति रहेको समेत बताउनु भयो । नेपालका आदिवासी नेवाःको मौलिक पहिचान समेत रहेको अयूलाःलाई निषेध नगरी आवश्यक मापदण्ड राखेर नियमन गरी विधिवत रुपमा चलाउनु पर्ने कुरामा जोड दिनु भयो । यसै सन्दर्भमा एउटा कार्यक्रमा संघीय सरकारका उद्योग मन्त्रीलाई समेत यो अयूलाःलाई प्रतिबन्ध नलगाई आवश्यक नियमहरू बनाई विक्री वितरण गर्नुपर्ने कुरा अवगत गराएको र पछि मन्त्रीले सकारात्मक रुपमा लिई क्याविनेट बैठकमा प्रस्ताव समेत लैजाने कुरा गरेको सुनाउनु भयो । मेयर महर्जनले यस महोत्सव कीर्तिपुर डाँडामा मात्र सिमित नभई विकेन्द्रीकरण रुपले १० सै वडाको सहभागितामा गर्ने र त्यसका लागि आवश्यक सचिवालय समेत गठन गरेर कीर्तिपुर नगरका पर्यटनकर्मी लगायत कलाकार, ईन्जिनियर, सञ्चारकर्मी, वातावरणविद्, लेखकहरू आदि सहित विभिन्न व्यक्तिहरूसँग आवश्यक छलफल गर्ने समेत बताउनु भयो । यसै सन्दर्भमा कीर्तिपुर उल्लेख हुने गरी छोटो चलचित्र (शर्ट मुभि) को प्रतियोगिता समेत गरिरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा उपमेयर खड्काले कीर्तिपुर महोत्सव सफल पार्न कीर्तिपुरका सबै महिलाहरू जागरुक हुनुपर्ने बताउनु भयो । कार्यक्रममा उहाँले अबको क्रान्ति भनेकै आर्थिक क्रान्ति भएको उल्लेख गर्नुहुँदै महिलाहरू नै सफलताको खम्बा भएको औंल्याउनु भयो । कीर्तिपुर महोत्सवमा कीर्तिपुरका जनताहरूले आ-आफ्नो पहिचान पर्यटकहरू सामू प्रस्तुत गरी त्यसबापत आर्थिक लाभ पनि लिनुपर्ने उल्लेख गर्नुहुँदै कीर्तिपुर महोत्सव विगतमा झैं कीर्तिपुर डाँडामै मात्र सिमित नभई १० सै वडामा भव्य रुपमा हुने बताउनुभयो ।

कार्यक्रममा पूर्व पर्यटन राज्यमन्त्री दिलिप महर्जनले कीर्तिपुरलाई कसरी पर्यटन नगरी बनाउने भन्ने बारेमा कीर्तिपुरका जनसमुदायसँग छलफल गर्नुपर्ने बताउनुहुँदै पर्यटनलाई उद्योगको रुपमा स्थापित गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रम कीर्तिपुर नगरपालिकाका सामाजिक विकास समितिका प्रमुख अनुज प्रधानले सञ्चालन गर्नुभएको थियो ।

# मेयर महर्जनं शैक्षिक त्यासाया चेक लःल्हात





किपू नगरपालिकाया मौलिक ज्याभ्वः छैँय् छेय् स्थानीय सरकारअन्तर्गत शैक्षिक दसिपौ बरःतयाः म्हो ब्याजदरय् त्यासा बीगु खँय् वंगु माघ १४ गते मंगलवाः निम्हेसित उगु त्यासा लःल्हाःगु दु। किपू नगरपालिकाया मेयर रमेश महर्जनं थःगु हे ज्याकुथिइ उगु त्यासाया चेक लःल्हानादीगु खः । शैक्षिक त्यासा अन्तर्गत किपू नगरपालिका दुने च्वंम्ह स्थायी बासिन्दां प्राविधिक विषयलय् उच्च शिक्षा ताःलाकेया लागि प्रत्येक वडाय् निम्हेसित सम्बन्धित वडाया सिफारिसय् ३ प्रतिशत ब्याजदरय् ५ लाख तका त्यासा कायेफइगु नगरपालिकां व्यवस्था यानातःगु खः । उगु धेबाः दुरुपयोग मजुइमा धकाः विद्यार्थी वा अभिभावकया नामय् मब्यूसे तप्यंक व विद्यार्थी ब्वनीगु शैक्षिक संस्थाया नामय् चेक ब्यूगु खः।

किपू नगरपालिका वडा नं. १० या रुजन महर्जनयात हिलसाईड कलेज अफ ईन्जिनियरिङ्गय् स्नातक ब्वनेत व वडा नं. १० या हे सजिना कपालीयात एक्मी कलेज, सितापाइलाय् स्नातक ब्वनेया लागिं थ्व त्यासा ब्यूगु खः। आःतक न्हय्म्हेसिनं उगु शैक्षिक त्यासाया लागि प्रक्रिया याःगु खःसां न्याम्हेसियागु प्रक्रिया अन्तिम चरणय् थ्यंगु त्यासा बियागु धइगु प्रोत्साहन कथं जूगु व बैंकं थें लबः कायेकथं मजूगु व प्रक्रियानं अःपुगु न्ह्यथनादिसें बरु थ्व त्यासा इलय् हे पुलाबीत नं इनाप यानादिल। नगरपालिकां त्यासा बिल धायेवं थ्व छम्ह साहूं ब्यूथें जाःगु त्यासा मजूगु खँय् स्पष्ट यानादिसें मेयर महर्जनं इलय् हे त्यासा पुलाबिलकि मेमेपिं आर्थिक समस्या दुपिं विद्यार्थीतय्त हाकनं थ्व हे धेवाः छ्यलेगु जूगुलिं सकसिनं वाःचायेकादीत इनाप यानादिल ।

किपू नगरपालिकाय् १० गू वडा दुगु खःसा थ्व दँय् प्रत्येक वडाय् निम्हेसियागु दरं २० म्हेसित छगू करोड तका लगानी फ्यानातयागु न्ह्यथनादिसें मेयर महर्जनं मेगु दँय् ५० म्हसित थ्व सहुलियत त्यासा बीगु लक्ष्य दुगु जानकारी ब्यूगु दु।

किपू नगरपालिकाया हे न्हापांखुशि शैक्षिक त्यासाया चेक लःल्हाना बियादिसें किपू नगरपालिकाया मेयर रमेश महर्जनं दक्कले न्हापां विद्यार्थीपिंत उच्च शिक्षा ताःलायेमा धकाः भिंतुना बियादिल। मेयर महर्जनं थ्व जानकारी नं बियादिल। ज्याभ्वलय् किपू नगरपालिकाया उपमेयर सरस्वती खड्का, शिक्षा शाखा प्रमुख टंकलाल गैरे, शिक्षा शाखा अधिकृत गोविन्द प्रसाद निरौला, वरिष्ठ लेखा अधिकृत सानुबाबु परियार, लेखा अधिकृत मित्रप्रसाद घिमिरेलगायतया ब्वति दुगु खः ।

## चीनया महानगरपालिकां किपुलिई यानच्वंगु ग्वहालि अन्तिम चरणय्



यूएन हाविटेटपाखें किपुलिई खुला थाय्या व्यवस्थापन (ओपन स्पेश म्यानेज्मेण्ट)या लागि त:दँ न्ह्य:निसें ग्वहालि यानावयाच्वंगु ख:सा चीनया वुहान महानगरपालिकापाखें किपूया समग्र शहरी विकास योजना (इन्टीग्रेटेड अर्वन डेभलपमेण्ट प्लानिङ्ग)या लागिं यानाच्वंगु ग्वहालि नं अन्तिम चरणय् थ्यंगु दु। किपुलिई थजा:गु ग्वहालि यानाच्वंगुलिं लागि वंगु माघ ९ गते यूएनडिपिया नेपा: कन्ट्री डाइरेक्टर पि.एस.जोशी व यूएन हाविटेटया एशिया व पासेफिक क्षेत्रीय सिनियर अफिसर ब्रुनो डेरकन किपू भ्रायादीगु ख:सा किपू नगरपालिकाया मेयर रमेश महर्जन व उपमेयर सरस्वती खड्कालिसे नाप लाना थप सहलह यानादीगु दु।

## ६ नं. वडा अध्यक्षयात महाद्य:या मूर्ति ल:ल्हात



किपू नगरपालिका वडा नं. ६ या अध्यक्ष न्हुच्छे बहदुर महर्जनयात त्रिभुवन विश्वविद्यालयया उपकुलपति प्रा.डा. धर्मकान्त वास्कोटां महाद्य:या मूर्ति ल:ल्हानादीगु दु। माघ १६ गते विहिवा: श्रीपञ्चमि खुन्हु किपू नगरपालिका वडा नं. १,२,३ ज १० या अध्यक्षपिं व पशुपति अन्नपूर्ण आश्रमया केन्द्रीय नाय: प्रा.डा. जगदीश वैद्यया रोहवरय् उगु मूर्ति ल:ल्हानादीगु ख:।

महाद्य:या मूर्ति ल:ल्हाना कयादिसें ६ नं. वडाया नाय: महर्जनं उगु मूर्ति कर्कोटक नागराज च्वनीगु थाय् टौदहलय् तया: कर्कोटकेश्वर महाद्य:या रुपय् प्राण प्रतिस्थापन समेत यायेगु जानकारी बियादिल। उगु महाद्य:या मूर्ति श्री पशुपती अन्नपूर्ण आश्रमया कुतलय् दुगु ख:।

# किपू नगरपालिकां विद्यालय निरीक्षकया व्यवस्था याइगु

किपू नगरपालिकाका मेयर रमेश महर्जनं नगरदुनेच्वंगु विद्यालयया अवलोकन यायेया नितिं छम्ह विद्यालय निरीक्षकया व्यवस्था यायेत्यनागु जानकारी ब्यूगु दु। मेयर महर्जनं माघ ११ गते शनिवा: किपू नगरपालिकाया ६ नं. वडाय् च्वंगु टौदह माध्यमिक विद्यालययात प्यकू कोथा दुगु भवन ल:ल्हानादिसें थ्व खँ धयादीगु ख:।

नेपाल सरकार राष्ट्रिय पुन:निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) यैंपाखें उगु भवन विद्यालययात ल:ल्हानादीगु ख:। ज्याभ्:वलय मूपाहाँकथं भ्रायादीम्ह मेयर महर्जनं गुणस्तरीय शिक्षाया लागिं शिक्षकं विद्यार्थीतयृत ब्वंकेगु जक मखसें उपयुक्त उपायत नं बीमा:गु धयादिसें वय्कलं बांला:गु विद्यालय जुयेत विद्यालयया प्रधानाध्यापक व विद्यालय व्यवस्थापन समिति दथुई न्हिन्हि हे सहलह ब्याकेमा:गु नं धयादिल। ज्याभ्:वलय् किपू नगरपालिकाया उपमेयर सरस्वती खड्कां हरेक खँय् सकारात्मक बिचा: याये मा:गु धयादिसें विद्यार्थीतयुगु विश्वास कायेगु लकस विद्यालयं दयेकेमा:गु खँय् ब:बियादिल।

काठमाडौं शिक्षा विकास व समन्वय इकाईया प्रमुख नन्दलाल पौडेलं विद्यालययात बांलाकेगु ख:सा संस्थागतरुपं हे प्रतिवद्धाता दयेमा:गु खँ कनादिल। जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा)यैंया प्रमुख अर्जुन रायमाभ्रीं सामुदायिक विद्यालयत बांलानाच्वंगु सन्देश बीमा:गु खँय् ब:बियादिसें खँ स्वयां ज्या यायेमा:गु न्ह्यथनादिल। वय्कलं किपू नगरपालिकां भौतिक विकासय् स्वयांनं गुणस्तरय् विकास जुइमा:गु खँय् ध्यानबीत नं इनाप यानादिल।

किपू नगरपालिका वडा नं. ६ या अध्यक्ष न्हुच्छे बहादुर महर्जनं विद्यालययात स्थानीय सरकारपाखें नं ग्वहालि यायेगु धयादिसें कर्मचारीतयृत श्रम शोषण मयायेत नं इनाप यानादिलसा अल्छिचा:पिं शिक्षक व कर्मचारीपिंसं विद्यालयस ज्या मया:सां छुं मपा:गु खँ धयादिल।

थ्यंमथ्यं ७० लाख लागतय् तयार जूगु थुगु आरसिसि भवन दुगुलिं सकल शिक्षक, विद्यार्थी लगायत अभिभावकपिं समेत उत्साहित जुया न्हूगु जोश जाँगर दुगु विद्यालयया प्रधानाध्यापक दिवाकर श्रेष्ठं धयादिल। प्रअ श्रेष्ठं थुगु भवन दयेकेत ग्वहालि यानादीपिं सकलसित सुभाय् नं देछायादिल।

# वडाअध्यक्ष दुर्घटनाय् लानां घा:पा:



किपू नगरपालिका वडा नं. ६ या अध्यक्ष न्हुच्छेबहादुर महर्जन दुर्घटनाय् लानां सामान्य घा:पा: जूगु दु। माघ १७ गते स्थानीय चोभालय् मोटरसाइकलय् दुम्ह अध्यक्ष महर्जनयात ल:या ट्याङ्करं लिखतं ठक्कर नकूगु ख:। मोटरसाइकल क्व:दला: घा:पा: जूम्ह अध्यक्ष महर्जनयात उग्रिमय् मेडिसिटी अस्पतालय् यंकूगु ख:। ठक्कर नकूगु ल:या ट्याङ्कर सहित चालकयात पुलिसं ज्वनेधुंकूगु दुसा घा:पा: जूम्ह अध्यक्ष महर्जन अस्पतालय् एक्सरे याना छेँय् लिहाँवये धुंकूगु दु।

माघ १८ गते किपू नगरपालिकाया मेयर रमेश महर्जन व उपमेयर सरस्वती खड्का अध्यक्ष महर्जनया छेँय् वनां स्वास्थ्य स्थितिबारे जानकारी कयादीगु दु। मेयर व उपमेयरं घा:पा:जूम्ह अध्यक्षया उसाँय् याकनं लनेमा धका: कामना नं यानादीगु दु।




कीर्तिपुर नगरको बाटोहरूमा भएको खाल्डाखुल्डीहरू पुर्ने क्रममा वडा नं. १० अन्तर्गत अमल्सिको बाटोको खाल्डोहरू पुर्दै नगरपालिकाका कर्मचारीहरू। कीर्तिपुर नगरपालिकाले खाल्डाखुल्डीहरू पुर्न ४ जना कर्मचारी खटाइएको जानकारी दिएको थियो। *तस्बिर : ज्ञानकुमार महर्जन*

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर "*

# सम्पूर्ण नगरबासीहरूमा अनुरोध

नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं ।

भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं ।

- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामान नराखौं।
- बालश्रम प्रयोग नगरौं।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण–पत्र लिऔं।
- नगरपालिका कार्यालय प्रति केही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिंदा घरको नक्सा पास भए नभएको र घर कर तिरेको वा नतिरेको हेरौं।

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

देवढोका, कीर्तिपुर, फोन : ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१

वेबसाइट : www.kirtipurmun.gov.np

# ५ नं. वडाका योजनाहरूको उपमेयर खड्काद्वारा निरीक्षण



कीर्तिपुर नगरपालिकामा भए गरेका विकास निर्माणका कामहरूको उपमेयर सरस्वती खड्काले स्थलगत निरीक्षण गर्नुभएको छ। अनुगमन समितिका संयोजक उपमेयर खड्काको नेतृत्वको टोलीले माघ १४ गते कीर्तिपुर नगरपालिका वडा नं. ५ का विभिन्न योजनहरूको स्थगलगत निरीक्षण गरेको हो।

वडास्तरीय योजना अन्तर्गत वडा कै गौरवको योजना रहेको अधिकारीगाउँ पँधेरोडोल प्रगतिनगर हुँदै राराहिल भत्केपाटी जोड्ने बाटो ग्राभिल तथा रिटेनिङ्गवाल निर्माणको निरीक्षण गर्नुभएको छ। रिटेनिङ्गवाल बनाउँदा ओपिसि सिमेन्ट प्रयोग गरेको हुनुपर्नेमा सोही अनुसार प्रयोग गरेको नगरपालिकाका प्राविधिक चाँदनी थापाले जानकारी दिनुभयो। उपभोक्ता समितिमार्फत शुरु गरेको यस योजनाको लागत अनुमान रु.२४,८०,९१८।- रहेकोमा कीर्तिपुर नगरपालिकाले रु.१७,३७,०००।- उपलब्ध गराउने र बाँकी रु.७,४३,९१८।- उपभोक्ता समितिले बेहोर्नु पर्नेछ। पहिलो किस्ता रु.५,७३,०००।- निकासा भई काम शुरु भएको जानकारी दिइएको छ।

उहाँले प्रदेश योजना अन्तर्गत छुगाउँस्थित राराहिल स्कुलबाट जाखा, यंचो जानेबाटोमा बनाइरहेको रिटेलिङ्गवालको निरीक्षण गर्नुभयो। करीव ८० मिटर लम्बाइको उक्त रिटेलिङ्गवाल बनाइरहँदा योजनको विवरण सहितको सूचना पाटी (फ्लेक्स बोर्ड) नराखिएकोले उपमेयर खड्काले योजनको विवरण सहितको सूचना पाटी (फ्लेक्स बोर्ड) तुरुन्त राख्न निर्देशन दिनुभयो। ठेकेदार मार्फत बनाइरहेको उक्त रिटेलिङ्गवालमा बालुवाको मात्रा बढीभएको देखिएको प्राविधिक थापाको रिपोर्टिङ्ग पश्चात उपमेयर खड्काले तुरुन्तै सिमेन्टको मात्रा मिलाउन ठेकेदारलाई निर्देशन दिनुभयो। प्राविधिक थापाका अनुसार सिमेन्टको मात्रा १ भाग, बालुवाको मात्रा १.५ देखि २ भाग र रोडा (गिट्टी)को मात्रा ३ भाग हुनु पर्ने हो।

वडास्तरीय योजना अन्तर्गत यंचोगाउँको भित्रीबाटोमा रिटेनिङ्गवाल निर्माण गरी ग्राभिल राख्ने योजनाको पनि निरीक्षण गर्नुभयो। १३ फुट चौडाइको उक्त बाटोको काम भइरहेको छ। त्यसैगरी जरुँचा देखि यंचो जोड्ने बाटोमा पनि रिटेलिङ्गवाल निर्माणको योजनाको निरीक्षण गर्नुभयो। उपभोक्ता समितिमार्फत शुरु गरेको यस योजनाको लागत अनुमान रु.६,९७,७०६।८१ रहेकोमा कीर्तिपुर नगर पालिकाले रु.४,८७,५००।- उपलब्ध गराउने र बाँकी रु.२,१०,२०६।८१ उपभोक्ता समितिले बेहोर्नु पर्नेछ। पहिलो किस्ता रु.१,६१,०००।- निकासा भई काम शुरु भएको जानकारी दिइएको छ।

ध्वाखाफःमा बनाइरहेको श्रीकृष्ण फल्चा (पाटी)को पनि निरीक्षण गरेको छ। यहि माघको मसान्तसम्ममा सम्पन्न गर्नुपर्ने यस पाटी लुमन्ति आवासको समेत सहयोगमा करीव ३५ लाख बजेटमा निर्माण भइरहेको हो।

उपमेयर खड्काको नेतृत्वमा भएको उक्त निरीक्षणमा प्राविधिक थापाका साथै वरिष्ठ लेखा अधिकृत सानुबाबु परियारसम्मिलित हुनुहुन्थ्यो भने वडा नं. ५ का अध्यक्ष राजेन्द्र महर्जनले ब्रिफिङ्ग गर्नुभएको थियो।

# स्थानीय पाठ्यक्रमको मस्यौदा हस्तान्तरण

कीर्तिपुर नगरपालिकामा आगामी शैक्षिक वर्षदेखि विद्यालय आधारभूतहमा लागु गर्ने तयारीमा रहेको प्रारम्भिक मस्यौदा पठ्यक्रम स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले माघ १४ गते कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनलाई हस्तान्तरण गरेको छ। गत जेष्ठ महिनामा गठन भएको स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले विभिन्न चरणका बैठक, छलफल र अन्तरक्रिया सहित गहन छलफल र विश्लेषण पश्चात थप सुधार र परि मार्जन पछि उक्त मस्यौदा माघ १४ गते मेयर महर्जनलाई हस्तान्तरण गरेको हो। उक्त समारोहमा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काको समेत उपस्थिति रहेको थियो।

आगामी शैक्षिक सत्रमा कक्षा १ र ६ मा पाठ्यपुस्तक समेत तयार गरी क्रमशः चरणबद्धरुपमा लागु गर्ने लक्ष्य रहेको उक्त पाठ्यक्रम नगर शिक्षा समितिले अन्तिम रुप दिएपछि पुस्तक लेखनको चरणमा प्रवेश हुने कुरा नगर शिक्षा शाखा प्रमुख टंकलाल गैरेले बताउनु भएको छ। यस अघि कार्यदलको बैठकले स्थानीय प्राठ्यक्रम तयार गर्ने क्रममा विभिन्न प्रकारले समय, श्रम, सल्लाह, सुझाव, प्रतिक्रिया र पृष्ठपोषण उपलब्ध गराई सहयोग गर्ने शिक्षासेवी, बुद्धिजीवि, व्यक्तित्वहरूमा हार्दिक धन्यवाद तथा कृतज्ञता जाहेर गरेको कार्यदलका संयोजक प्रा.डा. रामकृष्ण महर्जनले बताउनु भएको छ।

स्मरणीय छ, यस कार्यदलले गत पौष १५ गते कीर्तिपुर स्थित कृष्ण क्याटरिङ्गमा एक बृहत भेला गरी नगरका शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक तथा शिक्षासेवी, बुद्धिजीविहरू समेतबाट सुझाव, प्रतिक्रिया तथा पृष्ठपोषण सङ्कलन गर्ने काम सम्पन्न गरेको थियो।

---

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ। ३ नं. प्रदेश, नेपाल।

पत्र संख्या:
च.नं.:
मिति: २०७६/१०/१२

**विषयः आधारभूत तह परीक्षा फारम भर्ने सम्बन्धी सूचना !**

सबै सामुदायिक तथा संस्थागत विध्यालयहरु।

प्रस्तुत विषयमा यस किर्तिपुर नगरपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक तथा संस्थागत विध्यालयहरुले शैक्षिक शत्र २०७६ को कक्षा ८ को नगर स्तरीय वार्षिक परीक्षाको फारम भरी २०७६ फागुन ८ गते सम्म तपशिलका कागजात संलग्न गरी कीर्तिपुर नगरपालिका शिक्षा शाखामा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। फारम कीर्तिपुर नगरपालिकाको वेवसाइट www.kirtipurmun.gov.np मा राखिएको छ साथै फारम साथ निम्न कागज अनिर्वाय पेश गर्नु हुन जानकारी गराइन्छ।

तपशिलः

१.जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि - १ थान (पछि सम्म फरक नपर्ने गरी)
२.विध्यार्थीहरुको व्यक्तिगत विवरण यसै सूचना साथ संलग्न एक्सेल फायलको ढाँचामा दुवै प्रति (विधुतीय र हार्ड कपी) पछि सम्म फरक नपर्ने गरी पेश गर्ने।
३.संस्थागत विध्यालयमा अध्ययनरत प्रति विध्यार्थी रु.३००/-का दरले राजश्व तिरेको रसिद - १ थान

टंकलाल गैरे
उपसचिव

फोन नं. ०१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ०१-४३३१३८९, E-mail: ict.munkirtipur@gmail.com

# कीनपाको सहयोगमा व्यवसायिक तालिम सञ्चालन




कीर्तिपुर नगरपालिकाको सहयोगमा अण्डरप्रिभिलेज चिल्ड्रेन्स एडुकेशनल प्रोग्राम्स (यूसेप) नेपालले व्यवसायिक तालिम सञ्चालन गरेको छ। कीर्तिपुरका १६ जना व्यक्तिहरूको लागि विभिन्न तालिम सञ्चालन गरेको हो। यूसेप नेपाल, सानोठिमी भक्तपुरमा माघ १५ गते कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले उक्त तालिमको उद्घाटन गर्नुभएको थियो।

तालिमको उद्घाटन गर्नुहुँदै मेयर महर्जनले नगरपालिकाले थुप्रै तालिमहरू दिँदै आइरहेकोमा त्यसको उपयोग नगरिएको देखिएकोले अबदेखि रोजगारमूलक तालिम दिने प्रयास गरेको बताउनु भयो। तालिम लिनेले पनि मिहिनेत गर्नुपर्छ अनि मात्र तालिम लिएको सीपलाई उपयोग गर्दै रोजगारसँग जोडिने अपेक्षा सहित यूसेप नेपाल,भक्तपुरलाई छनौट गरेको उल्लेख गर्नुभयो। सहभागीहरूले एक महिनाको यो तालिम सफलतापूर्वक सम्पन्न गरी यसलाई सही उपयोग गर्नु भयो भने यस पछि अरुहरूलाई पनि यस्तै तालिम दिलाउन हौसला हुने विश्वास गर्दै तालिममा सहभागी सबैलाई सफलताको शुभकामना दिनुभयो। तालिमप्राप्त व्यक्तिहरूलाई नगरपालिकाले पनि आवश्यक जनशक्ति भएको ठाउँमा प्राथमिकताका साथ सिफारिस गर्न सक्ने भन्नुहुँदै तालिम दिने युसेपलाई पनि धन्यवाद् दिनुभयो।

उद्घाटन कार्यक्रममा उपमेयर सरस्वती खड्काले अबको २०/२५ वर्षपछि नेपालमा युवा जनशक्तिकै अभाव हुने देखिएकोले यस्ता सीपमुलक तालिम लिई स्वदेशमै रोजगार गर्नुपर्नेमा जोड दिनु भयो। यस तालिममा सहभागीहरूलाई अहिले शुभकामना मात्र दिन चाहेको भन्नुहुँदै उपमेयर खड्काले तालिम पश्चात सिकेका सीप व्यवहारमा प्रयोग गरेर रोजगार बनी आय आर्जन गरेको दिनमा भने धन्यवाद् पनि दिने बताउनुभयो।

कार्यक्रमका सभापति यूसेप नेपालका कार्यकारी निर्देशक विपिन आचार्यले यूसेपको बारेमा प्रकाश पार्नुहुँदै यूसेपले भिन्न भिन्न २० वटा तालिमहरू सञ्चालन गरिरहेको जस्मा युवाहरुका लागि जेसिभि जस्ता आयमूलक रोजगारी तालिमहरू पनि भएको र विभिन्न परियोजनाहरू, बालबालिकाको सुरक्षा सम्बन्धी कामहरू, नेपाल सरकारका लागि बालसुधार गृहको समेत व्यवस्थापन गरिरहेको बताउनु भयो। विशेषगरी युवा र बालबालिकाको लागि यूसेप नेपालले कार्यहरू गरिरहेको बताउनुहुँदै तालिम सकेपछि केही गर्छु भन्ने हुनुपर्ने बताउनुभयो।

तालिममा सहभागी १६ जना मध्ये १३ जनाले लाइट गाडी ड्राइभिङ्ग, २ जनाले व्याकहो लोडर एक्साभेटर अपरेटर र १ जनाले कफी मेकरको तालिम लिने छन्। यूसेप नेपालका कार्यक्रम अधिकृत सन्तुलन देशेमरुले सञ्चालन गर्नुभएको उक्त उद्घाटन कार्यक्रममा प्रोग्राम को-अर्डिनेटर सरोज न्यौपानेको पनि उपस्थिति रहेको थियो।



नगर सन्देश

नगर सन्देश

www.kirtipurmun.gov.np

मा हेर्न र पढ्न सक्नु हुनेछ।

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com